


बर्ष १, अंक ३, पुष २०६८, काठमाडौं

**Volume 1, No 3, December- 2011, Kathmandu**

# बिषयसूची

महिनाको तस्विर.......................................................................२

चाइल्ड हेल्पलाइन इन्टरनेशनलको पाचौं सम्मेलन सम्पन्न...........................३

स्वास्थ्य तथा जनसंख्या मन्त्री समक्ष नापाको ज्ञापनपत्र...............................४

इन्टरनेट.....................................................................................४

वरिष्ठ मानवअधिकारकर्मीहरुलाई सम्मान................................................५

चित्रकला/ दुईदिने राष्ट्रिय युवा भेलामा राजधानीमा सम्पन्न ........................६

प्रेस वक्तव्य...................................................................................७

# महिनाको तस्वीर




म भन्दा अग्लो मेरो भारी.................

फोटो- गणेश

# सिविन समाचार

## चाइल्ड हेल्पलाइन इन्टरनेशनलको पाचौं सम्मेलन सम्पन्न

बालबालिको आपतकालीन उद्धार,राहत,संरक्षणको लागि सञ्चालित अन्तरार्ष्ट्रिय सञ्जाल चाइल्ड हेल्पलाइन इन्टरनेशनल एशिया प्यासिफिकको पाँचौं सम्मेलन सम्पन्न ललितपुरमा सम्पन्न भएको छ ।

कार्यक्रममा राष्ट्रिय मानवअधिकार आयोगका आयुक्त गौरी प्रधानले नेपालमा बालअधिकारको क्षेत्रमा बाल हेल्पलाइनको संरचनाले पुऱ्याएको योगदान अत्यन्त सकारात्मक रहेको र बाल हेल्पलाइन इन्टरनेशनलले बालबालिकाको संरक्षणका निम्ति विशेष कार्यक्रम सञ्चालन गर्ने एउटा विश्वव्यापी मञ्च रहेको समेत वताउनु भयो।

कार्यक्रममा चाइल्ड हेल्पलाइन इन्टरनेशनलकी कार्यकारी निर्देशक नेनिता ला रोजले चाइल्ड हेल्पलाइन इन्टरनेशनलले बालअधिकारको संरक्षणको निम्ति टेलिफोनका साथै अन्य विभिन्न संचार माध्यमबाट विभिन्न गतिविधि सञ्चालन गरिरहेको बताउनु भएको थियो।

सो सम्मेलनको राष्ट्रिय मानवअधिकार आयोगका आयुक्त गौरी प्रधान,महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयका सचिव आनन्दराज पोखरेल तथा सार्क सचिवालयका सामाजिक सम्बन्ध विभागका निर्देशक इब्राइम जाहुरेले उद्‌घाटन गर्नुभएको थियो।

तीन दिनसम्म संचालन भएको उक्त सम्मेलनमा एशिया प्यासिफिकका चाइल्ड हेल्पलाइन संचालन गरिरहेका ५५ देशका प्रतिनिधिहरुको सहभागिता रहेको चाइल्ड हेल्पलाइन इन्टरनेशनका सदस्य एवं सिविन  नेपालका अध्यक्ष माधव प्रधानले बताउनुभयो।


हाल विश्वका १२२ देशहरुमा चाइल्ड हेल्पलाइन सञ्चालनमा रहेका छन्।



## स्वास्थ्य तथा जनसंख्या मन्त्री समक्ष नापाको ज्ञापनपत्र

नेपाल  मदिरा नीति संजाल (NAPA) ले नेपाल सरकार स्वास्थ्य मन्त्रालय, नागरिक समाजका साथै सरोकारवालाहरुको सहभागितामा उच्चस्तरीय मदिरा नीति निमार्ण समिति गठन गरी चाँडो भन्दा चाँडो मदिरा नीति तयार गरी लागु गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्री समक्ष ज्ञापनपत्र बुझाएको छ ।

सो कार्यक्रममा स्वास्थ्य मन्त्री राजेन्द्र महतोले सरकारले मदिरा सुर्तीजन्य पदार्थको नियन्त्रणको लागि स्पष्ट नीति बनाउने बताउनुभयो ।




संसारभर मृत्यु र अपाङ्गताको कारण मध्ये मदिरा सुर्तिजन्य पदार्थ पछिको प्रमुख कारणको रुपमा देखिएको छ । साथै सन् २००४ मा विश्वमा ३.८ प्रतिशतको मृत्यु र ४.६ प्रतिशत अशक्ततामा बाँच्नु परेको एक तथ्याकंले देखाएको छ ।

मदिरा नीति तर्जुमा गरी हाल विद्यमान रहेका मदिरा नियन्त्रण,नियमन,गर्न बनेका कानूनहरुलाइृ पुनरावलोकन र समयानुकुल आवश्यक गरी लागू गराउन ज्ञापनपत्र मार्फत नेपाल सरकारको ध्यानाकर्षण गराएको छ ।

## इन्टरनेट

इन्टरनेटको बृहत्तर प्रयोगसँगै बालबालिका तथा किशोरकिशारीहरुपनि इन्टरनेट प्रयोग गर्न उन्मूख भइरहेका छन् । इन्टरनेटको प्रयोगले सूचना सामग्रीहरुको पहुँचमा सहजता ल्याइदिएको छ भने सँगै यसले विभिन्न विकृति भित्र्याएको छ । नेपालमा अहिले विगत केही वर्षयता बालबालिका तथा किशोरकिशोरीहरुलाई इन्टरनेटप्रयोगबाट हुन सक्ने जोखिमका बारेमा विभिन्न सचेतना अभियानहरु समेत सञ्चालन भइरहेका छन् ।



जिल्ला बाल कल्याण समिति काठमाण्डौ ,सिविन नेपाल र वर्ल्ड भिजन ईन्टनेशनल ले इन्टरनेट अनलाइनमा बालबालिकाथि हुने जोखिम न्यूनीकरण गर्नको निम्ति सरोकारवालाहरुको भूमिका बिषयमा एक कार्यक्रमको आयोजना गरिएको छ ।

सो कार्यक्रममा काठमाण्डौ जिल्लाका प्रमुख जिल्ला अधिकारी रत्नराज पाण्डेले बालबालिका सम्वन्धि नेपालमा भएको कानून अपर्याप्त रहेको बताउनुभयो । सोही कार्यक्रममा स्थानीय विकास अधिकारी उद्धवप्रसाद तिमिल्सिनाले सरकाले स्थानीय स्तरदेखि नै बालमैत्री सुशासन कार्यक्रमलाई लागू गर्न लागिरहेको अवस्थामा बालबालिकाको बिषयलाई सबैले ध्यान दिनुपर्ने बताउनुभयो ।

त्यस्तै, जिल्ला शिक्षा अधिकारी वैकुण्ठ अर्यालयले नेपालमा साइबर कानुनको उचित व्यवस्थापन गरी इन्टरनेट शिक्षालाई पाठ्यक्रममा नै समावेश गर्न सकिने बताउनुभयो । सोही कार्यक्रममा महिला विकास अधिकृत सारदा बस्याल तथा सिविन नेपालकी कार्यकारी संयोजक सुम्निमा तुलाधरले नेपालमा बालसंरक्षण सम्बन्धी विद्यमान अवस्था र इन्टरनेट अनलाइनमा बालबालिकामाथि हुन सक्ने जोखिम न्यूनीकरणका बारेमा प्रस्तुती गर्नुभएको थियो ।


## वरिष्ठ मानवअधिकारकर्मीहरुलाई सम्मान

६३ औं मानवअधिकार दिवसको उपलक्ष्यमा मानव अधिकार एलाइन्सले वरिष्ठ मानवअधिकारकर्मीहरु पद्मरत्न तुलाधर,दमननाथ ढुगांना,रेणु राजभण्डारी र विरेन्द्र मिश्रलाई सम्मान गरेको छ।

उक्त सम्मान कार्यक्रममा मानव अधिकार एलाइन्स काठमाडौं शाखाका अध्यक्ष देविका तिमिल्सिनाले वरिष्ठ मानवअधिकारकर्मीहरुलाई सम्मान गर्न पाउदा निकै गौरवान्वित भएको बताउनु भयो।

कार्यक्रममा वरिष्ठ मानवअधिकारकर्मी पद्मरत्न तुलाधरको व्यक्तित्व माथि गैरसरकारी संस्था हुडेपका अध्यक्ष प्रदिप पोखरेलले प्रकास पार्नु भएको थियो।

सम्मान कार्यक्रममा विभिन्न सरकारी तथा गैरसरकारी निकायका प्रतिनिधिहरुको सहभागिता रहेको थियो।



## चित्रकला

सरसफाई र वातावरण बाल अधिकार आवरण भन्ने मूल नारा सहित कन्सर्न नेपालले बालबालिकाबीच चित्रकला र बक्तित्वकला प्रतियोगिताको आयोजना गरेको छ ।

उपस्थित बालबालिकाले चित्र मार्फत सरसफाइको महत्व र बालअधिकारको सुनिश्चितताको सचित्र प्रस्तृत गरेका थिए । उक्त प्रतियोगितामा विभिन्न स्कूलका बालबालिकाको सहभागिता रहेको थियो ।

सो कार्यक्रममा अधिकारकर्मीहरुले बालबालिकाको अधिकार संरक्षण गर्नको लागि सरसफाइ र वातावरणमा समेत विशेष ध्यान दिनुपर्ने कुरा उल्लेख गरेका थिए ।

## दुईदिने राष्ट्रिय युवा भेलामा राजधानीमा सम्पन्न

जोखिम परिस्थितिका युवाहरु र राष्ट्रिय नीतिका बिषयमा राजधानीमा  दुईदिने राष्ट्रिय युवा भेलामा सम्पन्न भएको छ।

उक्त भेलामा युवा तथा खेलकूद मन्त्रालयका उपसचिव युवराज पौडेलले सरकारले ल्याएको राष्ट्रिय युवा नीतिलाई कार्यान्वयन गर्नको लागि सबैले सहयोग गर्नुपर्ने बताउनुभयो।




सोहि कार्यकममा विभिन्न राजनितिक पार्टीका युवाहरुले नेपाली युवाहरुले भोग्नु परेका समस्या र नेपाली युवालाई व्यवसायिक र प्रावधिक शिक्षा दिन नसक्दा वेरोजगारी बढेको धारणा राखेका छन्। साथै उहाँहरुले राष्ट्रिय युवा नीति २०६६ को व्यवहारिक कार्यान्वयन हुन नसकेकोमा गहिरो आपत्ति समेत जनाएका छन् ।

देशका ११ जिल्लाका ५० जना युवाहरुको सहभागिता रहेको उक्त दुईदिने भेलामा युवाहरुका सरोकारका बिषयमा १२ बुँदे अपिल पत्र समेत सार्वजनिक गरिएको छ । उक्त अपिलपत्रमा युवाको लागि शिक्षाको स्पष्ट नीति बन्नुपर्ने तथा प्रविधिक शिक्षाको उचित व्यवस्थापन गरिनुपर्ने, राज्यले युवाहरुका निम्ति ल्याउने नीति तथा कार्यक्रमलाई विकेन्द्रित गर्नुपर्ने,रोजगारीको निम्ति विदेश जाने युवाहरुका निम्ति प्राविधिक तथा सीपमूलक तालिमको व्यवस्था गरिनुपर्ने, भौगोलिक, वर्गीय र जातीय रुपमा पछाडि पारिएका युवाहरुका निम्ति विशेष कार्यक्रम तय गरिनुपर्ने कुरा उल्लेख छ ।

# प्रेस वक्तव्य

सिविन–नेपाल
नेपाल बालमजदूर सरोकार केन्द्र
Child Workers in Nepal Concerned Centre

CWIN
For Children, With Children
P.O.Box: 4374, Chunne Bhairab Marg
Rabibhawan, Kathmandu, Nepal
Tel: 977-1-4282255/ 4278064/ 4271062
Fax: 977-1-4278016
Email: cwin@mos.com.np
URL: www.cwin.org.np

श्रीमान सम्पादक/प्रकाशक ज्यू	मितिः२०६८
पौष १४

संलग्न समाचार प्रकाशन एव प्रसारण गरिदिनु हुन हार्दिक अनुरोध छ ।

..................
रश्मिला शाक्य
कार्यक्रम संयोजक

## राष्ट्रिय युवा नीति कार्यान्वयन हुन नसकेको युवाहरुको आपत्ति

काठमाण्डौ पौष १४/राष्ट्रिय युवा नीति २०६६ को व्यवहारिक कार्यान्वयन हुन नसकेकोमा नेपाली युवाहरुले गहिरो आपत्ति जनाएका छन् । जोखिम परिस्थितिका युवाहरु र राष्ट्रिय नीतिका बिषयमा राजधानीमा आयोजित दुईदिने राष्ट्रिय भेलामा युवाहरुले यस्तो धारणा राखेका हुन् ।

कार्यक्रममा युवा संघ नेपालका उपाध्यक्ष झपट रावलले सिर्जनशील युवाहरुले मात्र समाज विकासका निम्ति उल्लेखनीय योगदान दिनसक्ने बताउनुभयो । उहाँले नेपाली युवालाई व्यवसायिक र प्राविधिक शिक्षा दिन नसक्दा वेरोजगारी बढेको बताउनुभयो ।

कार्यक्रममा नेपाल युवा संस्था सञ्जालका महासचिव ब्रविनकुमार केसीले सरकारले ल्याएको युवा नीतिलाई व्यवहारिक रुपमा कार्यान्वयन गर्न सकेमा युवाहरुका थुप्रै समस्या समाधान हुने बताउनुभयो ।

त्यस्तै, नेविसंघका उपाध्यक्ष भुपेन्द्रजंग शाहीले अझैसम्म पनि कयौं युवाहरुले आधारभूत रुपमा समेत शिक्षा पाउन नसकेकोले राज्यले यसमा गम्भीर ध्यान दिनुपर्ने बताउनुभयो ।

कार्यक्रममा युवा तथा खेलकूद मन्त्रालयका उपसचिव युवराज पौडेलले सरकारले ल्याएको राष्ट्रिय युवा नीतिलाई कार्यान्वयन गर्नको लागि सबैले सहयोग गर्नुपर्ने बताउनुभयो ।

त्यस्तै,राष्ट्रिय युवा सञ्जालका महासचिव विशाल गैरेले राज्यले तय गरेको नीतिलाई कार्यान्वयन गर्न राज्य जिम्मेवार बन्न नसकेको बताउनुभयो ।

कार्यक्रममा सिविन नेपालका अध्यक्ष माधव प्रधानले भेलामा उठेका बिषयलाई राज्यका विभिन्न निकायबाट कार्यान्वयन गराउन पहल गर्ने धारणा राख्नुभयो ।

देशका ११ जिल्लाका ५० जना युवाहरुको सहभागिता रहेको उक्त दुईदिने भेलामा युवाहरुका सरोकारका बिषयमा १२ बुँदे अपिल पत्र समेत सार्वजनिक गरिएको छ । उक्त अपिलपत्रमा युवाको लागि शिक्षाको स्पष्ट नीति बन्नुपर्ने तथा प्रविधिक शिक्षाको उचित व्यवस्थापन गरिनुपर्ने, राज्यले युवाहरुका निम्ति ल्याउने नीति तथा कार्यक्रमलाई विकेन्द्रित गर्नुपर्ने,रोजगारीको निम्ति विदेश जाने युवाहरुका निम्ति प्राविधिक तथा सीपमूलक तालिमको व्यवस्था गरिनुपर्ने, भौगोलिक, वर्गीय र जातीय रुपमा पछाडि पारिएका युवाहरुका निम्ति विशेष कार्यक्रम तय गरिनुपर्ने कुरा उल्लेख छ ।